# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## प्रजातन्त्र दिवस २०८२, को शुभकामना सन्देश

आज २०८२ फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस, नेपाल निरंकुसताको पञ्जाबाट मुक्त भएको दिन हो। वि.सं. २००७ साल फागुन ७ गते नेपालमा जहाँनियां राणा शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको स्मरण गर्दै, आज हामी प्रजातन्त्र दिवस मनाइरहेका छौं। यस अवसरमा बागमती, प्रदेश स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण प्रजातन्त्रप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। प्रजातन्त्र प्राप्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

प्रजातन्त्रले हामीलाई स्वतन्त्रता, समानता र मानव अधिकारको सुनिश्चितता दिएको छ। यस दिवसले हामी सबैलाई राष्ट्रको समृद्धि, सुशासन, विधिको शासन र राष्ट्रिय एकताको मार्गमा अगाडी बढ्न प्रेरणा दिनेछ। प्रजातन्त्र केवल शासन प्रणाली मात्र नभई जनउत्तरदायी, पारदर्शी र समावेशी राज्य व्यवस्थाको आधार हो। संविधानप्रदत्त अधिकारहरुको संरक्षण, विधिको शासनको प्रत्याभूति तथा सुशासन प्रवर्द्धन गर्दै समृद्ध र सुखी राष्ट्र निर्माणमा हामी सबै प्रतिवद्ध रहनु आजको आवश्यकता हो।

हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था विगतकै त्याग, तपस्या र बलिदानीको उपलब्धि हो। हाम्रा जनप्रतिनिधिमार्फत् प्राप्त गरेको संघीयता, धर्मनिरपेक्षता, समानुपातिक एवं समावेशितासहितको संविधानको जग २००७ सालको प्रजातान्त्रिक आन्दोलन नै हो। विगतका परिवर्तनकारी आन्दोलन, संघर्ष एवम् गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै सहिदहरुले मार्ग दर्शन गर्नुभएको सपना एवम् जनआकांक्षालाई मूर्त रुप दिने दिशामा अघि बढ्नु हामी सबैको दायित्त्व हो। प्रजातन्त्र दिवसले हामी सबैलाई देश विकास, समृद्धि र समुन्नत राष्ट्र निर्माणका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामनाका साथ पूनः एकपटक सबैमा राष्ट्रिय प्रजातन्त्र दिवसको शुभकामना।

**२०८२ साल फागुन ०७ गते, बिहीबार**
**ने. सं. ११४६ चिल्लाथ्व: द्वितीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**